# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिम हिमालयन एभरेष्ट ईन्स्योरेन्स लि. (साबिक हिमालयन जनरल ईन्स्योरेन्स कं. लि.) संग सम्बन्धित आ. व. २०७८/७९ चौथो त्रैमासिकको सूचना

१. **निकायको स्वरुप र प्रकृति**: कम्पनी ऐन, २०६३ बमोजिम २०४५ साल मार्ग ४ गते नेपाल सरकार, उद्योग तथा बाणिज्य मन्त्रालय, बाणिज्य विभागमा दर्ता भई पब्लिक लिमिटेड कम्पनीको रूपमा स्थापना भएको हो। मिति २०५० श्रावण ६ गते बीमा समितिबाट निर्जीवन बीमा व्यवसाय गर्ने बिमकको प्रमाणपत्र पाई नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयबाट २०५० श्रावण १३ गतेमा कारोवार सुरु गर्ने इजाजत पत्र प्राप्त गरि २०५० मार्ग १६ गतेदेखि निर्जीवन बीमाको कारोवार गर्दै आएका छौं।

२. **निकायको काम, कर्तब्य र अधिकार**: केन्द्रिय कार्यालय थापागाऊ, काठमाण्डौमा भएको यस कम्पनीले देशको विभिन्न स्थानमा गरि जम्मा ८ वटा शाखा, २३ वटा उपशाखा कार्यालयहरूबाट कम्पनीको प्रवन्धपत्र र नियमावलीको अधिनमा रही आफ्नो काम कर्तव्य र अधिकारहरू प्रयोग गरि व्यवसाय संचालन गर्दै आएको छ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण**: यस अवधिमा कम्पनीमा स्थायी, अस्थायी र करारसेवामा समेत गरि २२५ जना कर्मचारी कार्यरत छन्।
आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६३ तथा कर्मचारी नियमावली, २०७५ र वीमकको सस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ वमोजिम कर्मचारीहरूको कार्य विभाजन गर्दै आएका छौ।

४. **निकायबाट प्रदान गरिने सेवा**: विभिन्न निर्जिवन बीमा सेवाहरू जस्तै सम्पत्ती, सामूद्रिक, मोटर, हवाई, ईन्जिनियरिङ्ग, विविध , कृषी तथा पशु र लघु बीमा सेवा प्रदान गरिदै आएको छ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**: केन्द्रिय कार्यालय, थापागांउको हकमा प्रमुख कार्यकारी अधिकृत, नायव महाप्रवन्धकहरू, विभागिय प्रमुखहरू र शाखा तथा उपशाखा कार्यालयहरूको लागि सम्वन्धित प्रमुखहरू जिम्मेवार हुनेछ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**: यस कम्पनीले गर्ने बीमाहरू बीमा समितिबाट जारी भएका निर्देशन बमोजिमको दर रेटमा र दर रेट नतोकिएका बीमाको हकमा अण्डरराईटिङ्ग विभागबाट तोकिए बमोजिम वा पूनर्बिमकहरूबाट तोकिए बमोजिमका बीमा शुल्क भुक्तानी भएपछि तत्कालै वीमालेख उपलव्ध गराउने व्यवस्था गरिएको छ। दावीको हकमा सर्भेयरको प्रतिवेदन प्राप्त भएपछि वा आवश्यक न्यूनतम कागजात प्राप्त भएको १५ दिन भित्रमा भुक्तानी गरिने व्यवस्था छ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी**: आर्थिक प्रशासन सम्वन्धि विनियमावली तथा कर्मचारी नियमावली वमोजिम शाखा प्रमुख, विभागिय प्रमुख, नायव महाप्रवन्धक तथा प्रमुख कार्यकारी अधिकृतलाई साङ्गठनिक स्वरूप अनुसार निर्णय गर्ने अधिकारी तोकिएको छ

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी**: उजुरीको प्रकृती अनुसार शाखा प्रमुख, विभागिय प्रमुख, नायव महाप्रवन्धक, कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृतलाई निर्णय उपर उजुरी सुन्ने अधिकारी तोकिएको छ।

९. **सम्पादन गरेको कामको विवरण**: बीमा ऐन, २०४९ तथा बीमा नियमावली, २०४९, तथा वीमा समितिको निर्देशन र परिपत्र बमोजिम निर्जिबन बीमा सेवाका सम्पूर्ण सेवाहरू कम्पनीले सम्पादन गर्दै आएको छ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम एवं पद**:
सूचना अधिकारी (नायव महाप्रवन्धक) को नामः श्री ध्रुव प्रसाद न्यौपाने मोवाईल नं. ९८५१०५१७५३
प्रमुख कार्यकारी अधिकृतः श्री विजय वहादुर शाह मोवाईल नं. ९८५१०१५७२९

११. **ऐन, नियम, विनिमय वा निर्देशिकाको सूची**: नेपाल सरकाहरूवाट लागु भएका सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशनहरू यस कम्पनीले पालना गर्दै देहाय वमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरू निर्जिवन बीमा व्यवसायको लागि प्रमुख रहेका छन्।
क) कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली, २०६४
ख) बीमा ऐन, २०४९ तथा बीमा नियमावली, २०४९
ग) धितोपत्र ऐन, २०६३ तथा धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३
घ) मूलुकी देवानी संहिता, २०७४
ङ) सम्पत्ती शुद्धीकरण निवारण ऐन, २०६४ तथा सम्पत्ती शुद्धीकरण निवारण नियमावली, २०७३
च) बीमा समितिवाट जारी गरिएका सम्पूर्ण निर्देशनहरू तथा परिपत्रहरू
छ) सम्पत्ती सुद्धिकरण तथा आतंककारी कृयाकलापमा वित्तिय लगानी निर्देशिका, २०७४ तथा
ज) अण्रराईटिङ्ग तथा दावी सम्बन्धी म्यानुयलहरू, पूनर्विमा नीति, आर्थिक प्रशासन सम्वन्धि विनियमावली, २०६३ तथा कर्मचारी नियमावली, २०७५

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अध्यावधिक विवरण**: कम्पनीको आम्दानी खर्च वित्तीय अध्यावधिक विवरण त्रैमासिक रूपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुदै आएको छ साथै कम्पनीको वेवसाईट www.hei.com.np मा समेत उपलव्ध छ।

१३. **तोकिए बमोजिमका अन्य विवरण**: नभएको।

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण**:
यस कम्पनीवाट समय समयमा घुम्ति बीमाको माध्यमवाट बीमा सेवा प्रदान गर्दै आएका छौ। साथै कर्मचारी तालिम, Blood Donation तथा संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू र वार्षिक साधारण सभा संचालन गरिएको थियो।

१५. **सार्वजनिक निकायको वेभसाइट भए सो को विवरण**: www.hei.com.np

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण**: नभएको ।

१७. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरण**:
बिशेष वार्षिक साधारण सभाको सूचना, त्रैमासिक वित्तीय विवरण, कर्मचारी आवश्यकता सम्बन्धी सूचना, यस कम्पनी र एभरेष्ट ईन्स्योरेन्स कम्पनी बीच मर्जर गर्ने सहमति भएको सूचना, बिशेष साधारण सभाबाट मर्जर पारित भएको माईन्युट प्रकाशन गरिएका छन् साथै कम्पनीको वेवसाईटमा समेत राख्ने व्यवस्था गरिएको छ।

१८. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**:
नभएको।

**हिमालयन एभरेष्ट**
इन्स्योरेन्स लिमिटेड

**केन्द्रीय कार्यालय**:
**वडा नं. १०, थापागाँउ, काठमाण्डौ, पो.ब.नं. १४८**
**फोन नं. ०१-५२४५०९०/५२४५०९६**
**फ्याक्स नं. ०१-५२४५०९९**

**(साविकको हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड)**